# धुर्कोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बर्खोट, गुल्मी

प.सं.:२०८२/०८३

च.न.:

लुम्बिनी प्रदेश, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०८२/०८/१०

सूचना नं : ३

धुर्कोट गाउँपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०८२/०८३ मा संघीय सरकारबाट हस्तान्तरीत शसर्त अनुदानमा प्राप्त बार्षिक स्वीकृत तपशिलको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक,कृषक समुह/ कृषि सहकारी, व्यवसायिक कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८२/०८/२४ गते भित्र सम्बन्धित वडा कार्यालयमा वा गाउँ कार्यापालिकाको कार्यालयमा निवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगी आएका वा म्याद नाघी प्राप्त निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

### तपसिल:

| क्र. सं | कार्यक्रमको नाम | विनियोजीत रकम रु. | कार्यक्रम लागु हुने क्षेत्र | अनुदानको अधिक्तम सिमा तथा न्यूनतम मापदण्ड | माग तथा सञ्चालन गर्न सकिने सामाग्री वा क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आ.व २०८२/०८३ मा तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन | १२,००,०००। | धुर्कोट गाउँपालिका | - अनुदान रकमको सीमा,प्रतिशत र अन्य न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषयको सन्दर्भमा कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल बमोजीम हुनेछ। | -आलु तथा अन्य तरकारी बाली र प्लाष्टिक घरमा खेती<br>-तरकारीको उन्नत विउ,मल,बाली संरक्षणसँग सम्बन्धित प्राविधिक सेवा तथा सामाग्री,कृषि औजार एवं उपकरण सहयोग,साना सिंचाई निर्माण तथा मर्मत संभार | प्राप्त निवेदनहरुमा प्राविधिक समितिले अध्ययन गरी पेश गरेको प्रतिवेदनको आधारमा पकेट क्षेत्र निर्धारण हुनेछ। |
| २ | व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत मौरी घार तथा गोला वृद्धि कार्यक्रम | ६,००,०००। | धुर्कोट गाउँपालिका | -५०% अनुदानमा व्यवसायीक मौरीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि एपिस मेलिफेराको हकमा कम्तिमा पचास (५०) घार र एपिस सेरेनाको हकमा कम्तिमा पच्चीस(२५) घार मौरीपालन गर्न प्रस्ताव पेश गर्ने कृषक/कृषक समूह/कृषि उद्यमी /कृषि सहकारीलाई सोही अनुसार मौरी गोला, घार तथा अन्य उपकरणको खरिदमा अनुदान। | गोला सहितको मौरीको घार ,घुम्ती,धूवाँदानी,मह छान्ने जाली,क्विन गेट,क्विन केज,फिडर ,कृत्रिम आधार चाका | पहाडी क्षेत्रको लागि एपिस सेरेना जातको मौरी सिफारिस गरीएको छ। |
| ३ | राष्ट्रिय फल सुन्तला विषेश कार्यक्रम | ९,००,०००। | धुर्कोट गाउँपालिका | -न्यूनतम ३ रोपनी क्षेत्रफलमा सुन्तला बगैंचा स्थापना गर्नु पर्ने।<br>-न्यूनतम ३ रोपनी क्षेत्रफलमा सुन्तला खेती गरेको कृषकलाई पुरानो बगैंचा व्यवस्थापन तथा सुदृढिकरण कार्यक्रम सञ्चालन गर्न।<br><br>-अनुदान रकमको सीमा,प्रतिशत र अन्य न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषयको सन्दर्भमा कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ बमोजीम हुनेछ। | -नया बगैंचा स्थापना गर्ने कृषकलाई बिरुवाखरिद,बगैंचा रेखाङ्कन,खाडलखन्नेपुर्ने,कृषि औजार/उपकरण तथा सिँचाई<br>- पुरानो बगैंचा व्यवस्थापन तथा सुदृढिकरण गर्ने कृषकलाई आवश्यक्ता अनुसार काँटछाँट गर्ने,रोगकिरा तथा मलखाद व्यवस्थापन गर्ने जस्ता बगैंचा व्यवस्थापनमा आवश्यक कृषि औजार /उपकरण तथा सिंचाई<br>-बगैंचा स्थापना सम्बन्धी तालिम | |
| ४ | साना सिंचाई प्रवर्द्धन कार्यक्रम(वडा नः५) | ९,७५,०००। | धुर्कोट गाउँपालिका वडा नः५,वस्तु | -अनुदान रकमको सीमा,प्रतिशत र अन्य न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषयको सन्दर्भमा कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ बमोजीम हुनेछ। | -साना सिंचाई पूर्वधार निर्माण/स्तरउन्नति तथा मर्मत<br>-सिंचाई पोखरी,कुलो,इनार,कुवा,प्लाष्टिक पोखरी,सिंचाई पाईप,मोटर निर्माण तथा जडान<br>-स्यालो टयूबवेल बोरिङ्ग लगायतका भूमिगत पूर्वधारहरु निर्माण<br>-नविन सिंचाई प्रविधि (थोपा सिंचाई स्प्रिङ्गकलर सिंचाई,सौर्य उर्जामा | |

# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी

प.सं.:२०८२/०८३

च.न.:

लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | आधारित लिफ्ट सिंचाइ आदि)निर्माण तथा जडान। | |

**आवस्यक कागजातहरु:**

१.प्रस्तावकको निवेदन  अनुसूची-२ बमोजिम।

२.नागरिकताको प्रतिलिपी - थान १

३. जग्गा धनी दर्ता प्रमाण-पूर्जा वा जग्गा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौताको प्रतिलिपि।

४. फर्म/समुह/सहकारीको हकमा  नविकरण गरेको दर्ता प्रमाणपत्रको र स्थायीय लेखा प्रमाणपत्रको प्रतिलिपि।

५.कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि।

६. समुह/सहकारी र समितिको हकमा कार्यक्रम माग गर्न गरिएको निर्णयको प्रतिलिपि।

७. वडा कार्यालय र वडा कृषि /पशु प्राविधिकको  सिफारीस।

८.प्रतिवद्धता पत्र।

९.आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु।

……२०८२/०८/१०

रुद्र बहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत

रुद्र बहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ७को उपदफा (३) सँग सम्बन्धित।

## विषयः अनुदान उपलब्ध गराइदिनुहुन।

मितिः

श्रीमान्......................................

.................................कार्यालय
.................................,गुल्मी

महोदय,
तहाँ कार्यालयबाट मिति....................मा प्रकाशित सूचना सूचना नं................ अनुसार सञ्चालन हुन लागेको................................................... कार्यकमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक वस्तुगत लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौ/छु।

**तपशिलः**
अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह/प्रदेशः
वडा नः
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
गर्न चाहेको जग्गाको क्षेत्रफलः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सचालन गरिने कार्यक्रमः
कार्यकम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम संचालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवेदक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म उद्यमी कृषक नाम
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थर
पद
सम्पर्क फोन नं
मितिः
संस्थाको छापः